नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय

प.सं.
च.नं.

सिंहदरबार, काठमाडौं

# डिजिटल नेपाल सम्मेलन

## प्रेस विज्ञप्ती

सम्माननीय प्रधानमन्त्री के.पी. शर्मा ओलीज्यूले सञ्चार तथा सूचना प्रविधि मन्त्रालयले अन्तर्राष्ट्रिय परामर्शदात्री संस्था Frost and Sullivan को सहकार्यमा आयोजना गरेको डिजिटल नेपाल सम्मेलन (Digital Nepal Conference) विषयको एकदिने सम्मेलनको आज मिति २०७५/४/१८ मा उद्घाटन गर्नु भयो । सो अवसरमा सम्माननीय प्रधानमन्त्रीज्यूले सूचना प्रविधि आर्थिक समृद्धिको आधार रहेको, सूचना प्रविधिको विस्तारसँगै प्रविधि प्रयोग गर्न चेतना तथा क्षमतामा वृद्धि गर्नु पनि अत्यावश्यक रहेको बताउँनु भयो । उहाँले कृषि, स्वास्थ्य, शिक्षा, सहरी पूर्वाधार, उर्जा, पर्यटन, वित्तीय समावेशीकरण जस्ता क्षेत्रहरूको विकासलाई सूचना प्रविधिको प्रयोग गरी गति दिन सकिने र त्यसले अन्य क्षेत्रहरूको समेत विकास गर्न सहयोग गर्ने बताउँदै, सो विषयहरूमा केन्द्रित रहेर Digital Nepal Framework तयार पार्ने उद्देश्यले यस सम्मेलन आयोजना गर्नु सुखद रहेको समेत बताउँदै सम्मेलनको सफलताको शुभकामना दिनुभयो। उक्त कार्यक्रममा माननीय सञ्चार तथा सूचना प्रविधि मन्त्रीले सूचना प्रविधिले आर्थिक वृद्धि, रोजगारी सिर्जना, सुशासन प्रवर्द्धनमा महत्वपूर्ण भूमिका खेल्ने भएकोले नेपाललाई Digital Transformation गर्न आवश्यक रहेको र त्यसले दोहोरो अङ्कको आर्थिक वृद्धिदर हासिल गर्न महत्वपूर्ण योगदान पुऱ्याउने बताउँनु भयो । सो अवसरमा Frost and Sullivan को Global अध्यक्ष श्री आरूप जोत्सीले डिजिटल रूपान्तरणको अन्तर्राष्ट्रिय अभ्यास र अनुभवहरूको बारेमा प्रस्तुत गर्दै, डिजिटल रूपान्तरणको माध्यमबाट नेपालले कसरी सम्माननीय प्रधानमन्त्रीज्यूको सोँचलाई पुरा गर्न सहयोग गर्न सक्छ भन्ने विषयमा प्रकाश पार्नुभयो । सो अवसरमा मन्त्रालयले Frost and Sullivan सँगको सहकार्यमा तयार पारेको Digital Nepal Framework सम्माननीय प्रधानमन्त्रीज्यू समक्ष पेश गरियो । यसै अवसरमा सम्माननीय प्रधानमन्त्रीज्यूले स्थानीय तहको Mobile App को शुभारम्भ गर्नुभयो भने निजामती किताबखाना तथा कर्मचारी संचयकोष बीच विद्यूतीय रूपमा डाटा आदानप्रदान गरी एकीकृत सेवा प्रदान गर्न समझदारी पत्रमा निजामती किताबखानाका महानिर्देशक श्री किशोरजङ्ग कार्की र कर्मचारी संचयकोषका प्रशासक श्री तुल्सी प्रसाद गौतमले संयूक्त रूपमा हस्ताक्षर गर्नुभयो ।

फोन नं. : ४२११५५६, ४२११६५०, ४२११६१५, फ्याक्स नं.: ४२११७२९, ४२११६१०
Email : info@moic.gov.np, Website : www.moic.gov.np

नेपाल सरकार
# सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
प.सं.
च.नं.
सिंहदरबार, काठमाडौं

उक्त उद्घाटन सत्रमा सञ्चार तथा सूचना प्रविधि मन्त्रालयका सचिव श्री महेन्द्रमान गुरूङ्गले स्वागत मन्तव्य दिँदै कार्यक्रमको उद्देश्य माथि प्रकाश पार्नु भएको थियो । एक दिन चल्ने यस सम्मेलनमा नेपाल लगायत मलेशिया, भारत, सिङ्गापुर, संयुक्त राज्य अमेरिका, रसिया लगायतका देशवाट विज्ञहरूको सहभागिता रहेको छ । सम्मेलनमा डिजिटल नेपालको फ्रेमवर्क विषयमा सहभागी देशका अनुभव र अभ्यासहरू माथि कार्यपत्र प्रस्तुत हुने र विस्तृत रूपमा छलफल गरिने कार्यक्रम रहेको छ ।

(रामचन्द्र ढकाल)
सह-सचिव एंव प्रवक्ता

*२०७५ श्रावण १८ गते शुक्रबार*

फोन नं. : ४२११५५६, ४२११६५०, ४२११६१५, फ्याक्स नं.: ४२११७२९, ४२११६१०
Email : info@moic.gov.np, Website : www.moic.gov.np